**बैठक संख्या : ६४**

आज मिति २०८३/०२/२१ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १ | श्री राजु थापा | अध्यक्ष |
| | २ | श्री तेज बहादुर थापा | उपाध्यक्ष |
| | ३ | श्री खडक बहादुर थापा | वडा अध्यक्ष वडा नं. १ |
| | ४ | श्री विद्यापति शर्मा | वडा अध्यक्ष वडा नं. २ |
| | ५ | श्री कुल बहादुर वि.क. | वडा अध्यक्ष वडा नं. ३ |
| | ६ | श्री लक्ष्मण पुन | वडा अध्यक्ष वडा नं. ४ |
| | ७ | श्री ज्ञामनाथ कँडेल | वडा अध्यक्ष वडा नं. ५ |
| | ८ | श्री वृहस्पति शर्मा | वडा अध्यक्ष वडा नं. ६ |
| | ९ | श्री प्रेम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ७ |
| | १० | श्री प्रमानन्द कँडेल | वडा अध्यक्ष वडा नं. ८ |
| | ११ | श्री टिका संगम वि.क. | कार्यपालिका सदस्य |
| | १२ | श्री भूमा देवी पुन | कार्यपालिका सदस्य |
| | १३ | श्री सुन्तली वि.क. | कार्यपालिका सदस्य |
| | १४ | श्री पूर्णमाया सुनार | कार्यपालिका सदस्य |
| गीता | १५ | श्री गिता देवी वि.क. | कार्यपालिका सदस्य |
| | १६ | श्री देवी थापा मगर | कार्यपालिका सदस्य |
| | १७ | श्री मुक्ति पौडेल | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १ | श्री डिल्ली प्रसाद शर्मा | लेखा अधिकृत |
| | २. | श्री मनोज कार्की | प्रशासन प्रमुख |
| | | | |

वि.सं. : २०८३ जेठ २१ गते बिहीबार

**निर्णयहरु :-**

**१. समिक्षा सम्बन्धमा।**

काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यस भन्दा पहिला गरेका निर्णयहरुको समिक्षा गरियो। समिक्षा गर्दा निर्णय कार्यान्वयन भएको र अबस्था सन्तोषजनक रहेको पाईयो।

**२. गाउँसभाको उन्नाईसौं अधिवेशन सम्बन्धमा।**

काठेखोला गाउँपालिकाको गाउँसभाको उन्नाईसौं अधिवेशन २०८३ असार १० गते विहान १०.०० बजेदेखि आयोजना गर्ने निर्णय गरियो।

**३. 'घ' वर्ग निर्माण व्यावसाय दर्ता गर्ने सम्बन्धमा।**

गाउँपालिकामा एन्सु निर्माण सेवा नामक 'घ' वर्गको निर्माण व्यावसाय दर्ता तथा इजाजत पत्र प्राप्त गर्नका लागि काठेखोला गाउँपालिका वडा नं. १ बस्ने श्री कोपिला भण्डारीले पेश गरेको निवेदन तथा संलग्न कागजातहरू प्रचलित कानुन, मापदण्ड तथा कार्यविधि बमोजिम परीक्षण गर्दा आवश्यक योग्यता तथा शर्तहरू पूरा गरेको देखिएकोले **निर्माण व्यावसाय ऐन, २०५५ को दफा ४ को उपदफा (३) तथा काठेखोला गाउँपालिका 'घ' वर्ग निर्माण व्यावसायी इजाजत पत्र कार्यविधि, २०७४ को दफा १०** बमोजिम काठेखोला गाउँपालिका वडा नं. १ पालामा कार्यालय रहने गरी एन्सु निर्माण सेवा फर्मलाई **घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने** निर्णय गरियो।

**४. संगठन तथा व्यबस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा।**

संगठन तथा व्यबस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ७ उपदफा (१) को इ. बमोजिम संगठन तथा व्यबस्थापन सर्वेक्षण गर्ने प्रयोजनार्थ तपसिल बमोजिम सर्वेक्षण समिति गठन गर्ने निर्णय गरियो।

तपसिल:-

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
ख) शाखा प्रमुख, आर्थिक प्रशासन प्रमुख - सदस्य
ग) शाखा प्रमुख, कर्मचारी प्रशासन शाखा - सदस्य सचिव

**५. प्रशासकीय भवनको डि.पि.आर. गर्ने सम्बन्धमा।**

काठेखोला गाउँपालिकाको नाममा काठखोला गाउँपालिका वडा नं. ६ सुल्डाँडा (आम्पाटा) मा क्षेत्रफल ६-०-०-३ भएको जग्गा उपलब्ध भईसकेको हुँदा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि आबश्यक पर्ने डि.पि.आर. गर्ने प्रयोजनार्थ TOR स्वीकृत गर्ने निर्णय गरियो।

**६. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।**

मिति २०८३/०२/२१ गतेको शिक्षा समितिको बैठकबाट भएका तपसिल बमोजिमका निर्णयहरु कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

क) काठेखोला गाउँपालिका वडा नं. ६ स्थित श्री प्रजातन्त्रोदय प्रा.वि. र काठेखोला गाउँपालिका वडा नं. २ स्थित श्री कालिका प्रा.वि.लाई विद्यार्थी संख्या बढाएमा वा विद्यार्थी भएमा पुनः सञ्चालन गर्न दिने गरी हाललाई स्थगन गर्ने।

ख) काठेखोला गाउँपालिका निरन्तर दरबन्दी मिलानको क्रममा रहेकोले प्रजातन्त्रोदय प्रा.वि. काठेखोला – ६ का शिक्षक श्री उमानन्द कँडेल र कार्यालय सहयोगीलाई श्री भिमसेन मा.वि. बिहुँमा पदस्थापना गर्ने, कालिका प्रा.वि. काठेखोला-२ का शिक्षक श्री सरस्वती वि.क.लाई श्री हरिकमल प्रा.वि. काठेखोला -२ को रिक्त दरबन्दीमा पदस्थापना गर्ने, श्री हरिकमल प्रा.वि.को रिक्त दरबन्दी श्री जनएकता प्रा.वि. काठेखोला – ३ धम्जामा उपलब्ध गराउने।

ग) दरबन्दी मिलान कै क्रममा जनएकता प्रा.वि. काठेखोला-३ मा कार्यरत राहत शिक्षक श्री माया कुमारी सुनारलाई दरबन्दीसहित धारा मा.वि. काठेखोला -४ तंग्राममा पदस्थापना गर्ने।

**७. कार्यविधि/ मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा।**

आजको वैठकमा पेश हुन आएका तपसिल अनुसारका कार्यविधि/मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो।

क) वाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८३,

ख) कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन-२०८३) संशोधन,

ग) काठेखोला गाउँपालिकाको सार्वजनिक सेवाको मापदण्ड, २०८३।

**८. सडक मर्मत सम्भार सम्बन्धमा।**

वर्षातको समय शुरु हुन लागेको र समयमै बाटोको सुरक्षा एबं अबरोध खुलाउन लागि प्राविधि ईस्टिमेट गरी रु १,००,०००।०० अक्षरुपी एक लाख रुपैयासम्म वा बढी लाग्ने भएमा प्राविधिक प्रतिवेदन अनुरुप निर्णय गरी आकस्मिक योजनाबाट मर्मत सम्भार गर्ने गर्ने निर्णय।

९. आगामी आ.व. २०८३/०८४ को लागि तपसिल अनुसार रु ३ करोड ६९ लाख ४ हजार रुपैयाको वडागत बजेट सिलिङ उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः-

| वडाहरु | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| बजेट रु हजारमा | ४०२९ | ४५७७ | ४९५० | ४८२९ | ४३१२ | ४३०० | ५५२० | ४३९० | ३६९०४ |

१०. आगामी आ.व. २०८२/०८३ को लागि आ.व. २०८१/०८२ को वडाले उठाएको राजश्वको आधारमा गाउँपालिका र वडाको साझेदारीमा तपसिल अनुसार गाउँपालिकाले वडागत बजेट उपलब्ध गराई सो बराबरको रकम वडाबाट थप गरी १ वटा योजना छनौट गर्ने निर्णय गरियो।

तपसिलः-

| वडाहरु | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| बजेट रु हजारमा | ५५४ | ५९२ | ६२७ | ९५० | ९३५ | ६७७ | १०६४ | ७९९ | ६११८ |

११.काठेखोला गाउँपालिका वडा नं. ३ अन्तर्गत विरामीहरुलाई अस्पतालसम्म पुऱ्याउने कार्यका लागि खर्च भएको विल अनुसारको रकम सामाजिक विकास तर्फ एम्बुलेन्स व्यबस्थापन शिर्षकमा रहेको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

१२. काठेखोला गाउँपालिका अन्तर्गतका वडाहरुमा घरनक्सा अभिलेखिकरण गर्ने प्रयोजनार्थ २०८३ असार मसान्तसम्मको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१३. चालु आ.व. को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत रहेको कार्यक्रम खर्च शिर्षकबाट तपसिल बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः-

क) डुँडियाघाट मोटरेवल पुल उद्घाटन खर्च - रु ५० हजार

ख) वडा नं. ८ लेखानीको नागरिक भेला - रु ५० हजार

१४.चालु आ.व. को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत रहेको धार्मिक तथा सांस्कृतिक संस्था तथा मेला महोत्सव सहयोग शिर्षकबाट तपसिल बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः-

क) ईस्कोन नेपल - रु ८० हजार

ख) बागलुङ महोत्सव बागलुङ उद्योग वाणिज्य संघ सहयोग - रु ५० हजार

ग) चैत्राष्टमी मेला कालिका भगवती मन्दिर - रु ५० हजार

१५. हाल निर्माणाधिन रहेको एकपाटा वौर सडकको प्राविधिक अन्तिम मूल्याङ्कन भएपश्चात भुक्तानी दिने निर्णय गरियो ।

१६. काठेखोला गाउँपालिका वडा नं. ६ बस्ने श्री बल बहादुर वि.क. आर्थक रुपमा विपन्न भएकोले छाना छाउनको लागि निजलाई रु २० हजार आर्थिक सहायोग उपलब्ध गर्ने निर्णय गरियो ।